डि.स.का. काभ्रे दर्ता नं. १९८/०५२/०५३
पान नं. ३००४५३८१२

डि.स.का. काभ्रे दर्ता नं. १९८/०५२/०५३

"आपसी सहयोग, सद्भाव र सामुहिक हितका लागि सहकारी"

नेफ्स्कून

# श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि.

**Shree Manakamana Saving & Credit Co-operative Ltd.**

केन्द्रीय कार्यालय बनेपा-५, घोकेचौर, काभ्रेपलाञ्चोक

मिति : २०८०/५/१६ गते

आदरणीय शेयर सदस्यमहानुभावहरु,

विषयः- २८ औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

यस संस्थाको सञ्चालक समितिको मिति २०८० साल भाद्र १६गते शनिवारको बैठकको निर्णय बमोजिम देहायका प्रस्तावहरू माथि छलफल गरी निर्णय गर्नुपर्ने भएकोले आफूलाई पायक पर्ने कुनै पनि केन्द्रमा तोकिएको समयभित्र २८औं वार्षिक साधारण सभामा उपस्थित हुनुहुन सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई सादर अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू :**

१. आ.व. २०७९/८०को लागि सञ्चालक समितिको तर्फबाट सचिवज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/८० को लागि कोषाध्यक्षज्यू बाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९/८० को लागि लेखा समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०७९/८० को लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०८०/८१ को लागि लेखा परीक्षक नियुक्ति गरी पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. आ.व. २०७९/८० को आर्थिक गतिविधिहरूको समीक्षा गरी आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने सम्बन्धमा ।
७. विनियम संसोधन गर्ने सम्बन्धमा ।
८. आन्तरिक नीति तथा कार्यविधिहरु संशोधन गरी पारित गर्ने सम्बन्धमा ।
८. शेयर लाभांश तथा संरक्षित पुंजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
९. उपयुक्त सहकारी संस्थासंग एकीकरण प्रकृया अगाडि बढाउनको लागि अख्तियारी सम्बन्धमा ।
१०.साधारण सभाको निर्णय पुस्तिकालाई प्रमाणीकरण गर्न शेयर सदस्यको तर्फबाट प्रतिनिधिहरू छनौट गर्ने सम्बन्धमा ।
११.संस्थाका शेयर सदस्यहरुका सुझाव तथा जिज्ञासाहरुका सम्बन्धमा ।
१२.विविध ।

**कार्यक्रम :**

१. मिति २०८० साल आश्विन १७ गतेदेखि १९ गतेसम्म, समय विहान १० बजेदेखि ४:३० बजेसम्म शेयर सदस्यहरुलाई पायक पर्ने संस्थाका कार्यालयहरु केन्द्रीय कार्यालय बनेपा-५, घोकेचौर, गोदामचोक सेवाकेन्द्र, पनौती सेवाकेन्द्र, कौशलटार सेवाकेन्द्र, कोटेश्वर सेवाकेन्द्र, बेथाञ्चोक सम्पर्क कार्यालय, पाँचखाल सम्पर्क कार्यालय मध्य आफुलाई पायक पर्ने केन्द्रमागई उपस्थिति जनाउँन सकिनेछ । २० गते समापनको दिनमा पनि समापन समारोहको स्थान पञ्चकन्या बैन्क्वेट, बनेपा पुलबजारमा पनि विहान ८ बजेदेखि कार्यक्रम सञ्चालनको अवधिभर उपस्थिति पुस्तिका खुला राखिनेछ ।
२. संस्थामा उत्कृष्ट कारोवार गर्ने शेयर सदस्यहरु मध्ये अशल ऋणी, उत्कृष्ठ बचत कर्ता, उत्कृष्ठ बाल बचत कर्ता १-१ जनालाई तथा उत्कृष्ठ सेवाकेन्द्र, वर्षको उत्कृष्ठ कर्मचारी पुरस्कार लगायतका विभिन्न विधाहरुमा सम्मानको कार्यक्रम सञ्चालन गरिनेछ ।

**साधारण सभा समापन समारोहः**

१. निर्णय पुस्तिका हस्ताक्षर तथा २८औं वार्षिक साधारण सभाको समापन कार्यक्रम मिति २०८० साल आश्विन २०गते शनिवारका दिन पञ्चकन्या बैन्क्वैट बनेपा पुलबजारमा विहान ११:०० बजे सञ्चालन गरिनेछ ।

**पुनश्च :**

१. साधारण सभामा भाग लिन आउँदा सदस्यले अनिवार्य रुपमा परिचयपत्र वा नागरिकता प्रमाण-पत्र लिई साधारण सभा स्थलमा उपस्थितहुनु पर्नेछ । साथै शेयर सदस्यहरुले मासिक नियमित बचत समेत भुक्तानी गरेको हुनुपर्नेछ ।
२. साधारण सभामा उपस्थित हुने शेयर सदस्यलाई यातायात खर्च स्वरुप रु ५००।- (करबाहेक) उपलब्ध गराइनेछ भने शेयर सदस्यहरुका प्रतिनिधिको परिचय खुल्ने प्रमाण सहित उपस्थिति भएमा यातायात खर्च सम्बन्धित शेयर सदस्यको खातामा जम्मा गरिनेछ ।
३. शेयर सदस्यहरुको तर्फबाट कुनै पनि प्रस्ताव तथा जिज्ञासा राख्न चाहेको खण्डमा सम्बन्धित शेयर सदस्यहरुले मिति २०८० साल आश्विन १९ गते शुक्रवारसम्म विधिवत् दर्ता गराईसक्नु पर्नेछ ।
४. संस्थाको प्रगति प्रतिवेदन **www.shreemanakamana.coop.np** मा समेत उपलब्ध गराईनेछ ।

होमनाथ ढुंगेल
सचिव

केन्द्रीय कार्यालयः- बनेपा-५, घोगेचौर, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६१९२१/६६०५४१/०११-६६०९०६, गोदामचोक सेवा कार्यालयः- बनेपा-७, गोदामचोक, काभ्रे फोन नं.: ०११-६६०६६३/०११-६६२१५३
पनौती सेवा कार्यालयः- पनौती-६, काभ्रे (प्रभु बैंक भएको भवन) फोन नं.: ०११-४४०२०२, कोटेश्वर सेवा कार्यालयः- (काठमाडौं, कोटेश्वर महादेव मन्दिर जाने बाटो) फोन नं.: ०१-४६१००९५
कौशलटार सेवा कार्यालयः- कौशलटार चोक, भक्तपुर फोन नं.: ०१-६६३३१७५, बेथानचोक सम्पर्क कार्यालयः- दुंखर्क, फोन नं.: ०११-४२१०७८, पाँचखाल सम्पर्क कार्यालय, समाजकल्याणचोक फोन नं.: ०११-४९९११३

www.shreemanakamana.coop.np
E-mail: manakamanacooperative198@gmail.com

# श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि. को २८ औं वार्षिक साधारण सभामा संस्थाका अध्यक्ष श्री बालकृष्ण दाहालद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०८०



**श्री बालकृष्ण दाहाल**

**अध्यक्ष**

यस श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि. बनेपा-५, काभ्रेपलाञ्चोकको २८औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यूहरु, विभिन्न संघ-संस्थाबाट पाल्नु भएका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, निवर्तमान अध्यक्षज्यूहरु, शिक्षक, पत्रकार बुद्धिजीवी तथा सहकारी आन्दोलनका अग्रज सहकारी कर्मीज्यूहरु, सञ्चालक समिति, लेखा समिति, सेवा केन्द्र व्यवस्थापन उप समिति लगायत अन्य विभिन्न उप समितिका पदाधिकारीज्यूहरु, कर्मचारी मित्रहरुका साथै संस्थाकाशेयर सदस्य महानुभावज्यूहरु र उपस्थित सम्पूर्ण शुभ चिन्तक महानुभावहरुमा यस गरिमामय २८औं वार्षिक साधारण सभामा आफ्नो अमूल्य समय दिई साधारण सभा सभ्य र भव्य बनाउन पाल्नु हुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्र्याउन चाहन्छु। हाम्रो घर आगनमा केहीदिनमा शुरु हुन गईरहेको महान् पर्व विजया दशमी तथा शुभदीपावली, नेपाल सम्बत् र छठ पर्वको पावन अवसरमा सम्पूर्ण शेयर सदस्यतथा नेपाली दाजु भाइ तथा दिदी बहिनीहरुमा सुखःशान्ति र सम्वृद्धिको कामना सहित हार्दिक मङ्गलमय शुभकामना समेत व्यक्त गर्दछु।

२०५२ साल मंसिर १८ गतेका दिन "**आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी**"भन्ने मूल नाराका साथ तत्कालीन सहकारी ऐन २०४८ तथा अनुसार तत्कालीन डिभिजन सहकारी कार्यालय धुलिखेलमा दर्ता भई स्थापना भएको श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि. २६ जना शेयर सदस्यबाट कारोवार सुरु गरेको यो संस्थाले संस्था तथा शेयर सदस्यको सुविधालाई ध्यानमा राखी आर्थिक कारोवार सफलता पूर्वक गरिरहेको छ। यसरी सफल रुपमा संस्था अगाडि बढ्नुमा संस्थाका शेयर सदस्यहरुको अपार माया, संस्था प्रतिको अगाध विश्वास तथा आर्थिक कारोवारहरुमा सकृय सहभागिता, सञ्चालक समितिको समय अनुसारको दूरगामी निर्णय तथा नेतृत्व, लेखा समितिको तर्फबाट संस्थाको भित्री अवस्थाको सूक्ष्म अनुसन्धान र उचित सल्लाह सुझाव, ऋण उप समितिको उचित लगानी तथा असुली, अन्य-उपसमितिहरुको समेत संस्था गत विकास तथा प्रगतिको लागि सकारात्मक सहभागिता, प्रमुख कार्यकारी अधिकृत देखि अन्य सम्पूर्ण कर्मचारी वर्गको जुझारुपूर्ण कार्य सम्पादनले गर्दा नै आज हामी यो अवस्थामा रहन पुगेका हौं।

यो संस्था खास गरी वित्तीय कारोवार गर्ने संस्था भन्ने कुरा हामी सबैले बुझेका छौं। २०७२ सालको भुईचालो पश्चात् देशमा अर्थतन्त्रको सङ्कट देखिदै आएकोमा करिव १० वर्षको विचमा विश्मा प्रभाव पारेको कोरोना महामारी र त्यस पश्चात्को आर्थिक मन्दीका कारण विश्व समुदाय नै थिलथिलो भएको छ। आर्थिक मन्दीको प्रभावबाट देशको व्यापार व्यवसाय नै अस्थिर रहनगई अर्थतन्त्रमा नकारात्मक प्रभाव वर्षभरि नै कायम रह्यो। हाम्रा शेयर सदस्यहरु लगायत देशैभरिका मानिसहरुका आय स्तर खस्कन गएको, व्यारमा व्यवसायमा ह्रास आएको, (घर, जग्गा, जमिन) लगायतका अचल सम्पत्तिहरु खरिद विक्री हुन नसकेको जस्ता समस्या साथै दैनिक उपभोग्य बस्तुहरुमा चरम रुपमा भएको मूल्य वृद्धि, परनिर्भरता झन बढ्दै गएको कारणले सहकारी अभियान सँग-सँगै यसै संस्थामा पनि त्यसको नकारात्मक प्रभाव पर्न गयो। जसबाट बचत संकलनमा संकुचन, ऋण लगानीतथा असुलीमा गिरावट, पाउँनुपर्ने व्याजमा वृद्धि, भाका नाघेको ऋण रकममा वृद्धि, दैनिक रुपमाहुने खर्चहरुमा वृद्धि तर आम्दानीमा भने गिरावट देखिए सँगै वर्षभरि अप्ठेरो परिस्थितिको सामाना गर्नु परेको व्यहोरा यो सम्मानित वार्षिक साधारण सभामा जानकारी गराउँदछु। यस्ता खालका आर्थिक समस्या बेला बेलामा आई रहने र ती बाधा व्यवधानहरुलाई डटेर सामना गरेका छौं र आगामी दिनहरुमा समुदायमा अझै खरो उत्रिँदै यस संस्थाका शेयर सदस्यहरुलाई संस्थाबाट प्रदान गरिने सेवाहरु प्रभावकारी ढङ्गबाट उपलब्ध गराउँने वचन बद्धता सिङ्गो सञ्चालक समितिबाट व्यक्त गर्न चाहान्छौं। अहिलेको सङ्कटलाई हामीले शताब्दी सङ्कटको रुपमा मूल्याङ्कन गरेका छौं। यस्ता खालका सङ्कटबाट आगामी दिनहरुमा अझै प्रभावकारी ढङ्गबाट हामीले हाम्रा कृयाकलापहरु सञ्चालन गर्ने गर्नु पर्दछ भनी सन्देश समेत दिएको छ। यो सन्देशलाई मनन् गर्दै दिगो रुपमा संस्था सञ्चालन गर्नको लागि सञ्चालक समिति र संस्थाको व्यवस्थापन विच समन्वयात्मक भूमिका निर्वाह गर्दै हामी अगाडि बढेका छौं। शेयर सदस्यहरुका अत्यावश्यक क्रियाकलापहरुमा रकम आवश्यक पर्दा संस्थाले गर्ने ऋण लगानीको काम आर्थिक वर्षको कुनैपनि समयमा नरोकिएको समेत जानकारी यो सम्मानित साधारण सभालाई गराउँदछु।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यसै क्रममा देशैभरी आर्थिक मन्दीको प्रभाव बढ्दै गर्दा, सहकारी अभियानमा देखिएको सङ्कटका विचमा पनि हाम्रो संस्थाले

उल्लेख्य रुपमा सफलता पूर्वक आर्थिक तथा सामाजिक काम कारोवारहरु आवश्यकता बमोजिम नियमित रुपमा गरिरहेको व्यहोरा यो सम्मानित साधारण सभा समक्ष जानकारी गराउँदछु। यो वर्ष आर्थिक रुपमा सङ्कटको वर्ष रहेको बारेमा सबैले बुझ्नुनै भएको छ। लगानीका प्रतिफलहरु कुनै पनि क्षेत्रले आसातित रुपमा प्राप्त गरेको अवस्था छैन। शेयर लगायत अन्य लगानीको प्रतिफल(बोनस) कति प्राप्त हुन्छ भन्नु भन्दा पनि आफूले लगानी गरेको क्षेत्र वा निकायहरु यो सङ्कटलाई पार लगाउँदै आगामी दिनमा दिगो रुपमा टिक्छ कि टिक्दैन भन्ने कुरा महत्वपूर्ण हो भन्ने लाग्दछ।

यो संस्था २८औ वर्षमा सञ्चालन हुँदै गर्दा दिगो रुपमा रुपमा सञ्चालन हुने सम्बन्धमा जानकारी गराउँनु पर्दा यस संस्थाले पर्ल्स माप दण्ड बमोजिम आर्थिक हर हिसावहरुलाई व्यवस्थापन गरेको छ, सञ्चालक समिति तथा कर्मचारी व्यवस्थापन चुस्त रुपमा इमान्दारिताका साथ काम गरिरहेको छ, संस्थाले वित्त बजारमा विभिन्न विषयमा भएका परिवर्तनलाई अध्ययन गरी सोही बमोजिम यस संस्थापनि सञ्चालित रहेको छ, आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने तथाशेयर सदस्यहरुलाई पनि प्रयोग गर्न लगाउँने विषयमा संस्था केन्द्रित रहेको छ, हाल करिव ८९०० जना शेयर सदस्यहरुको अगाध माया र विश्वास रहेको छ, समुदायमा आधारित रहेर सञ्चालनमा रहेको छ यी आदि कारणले गर्दा हाम्रो संस्था दिगो रुपमा सञ्चालन हुनेछ भन्ने विश्वास सम्पूर्ण सदस्यहरुलाई गराउँदै यस संस्थामा कुनै पनि जोखिम नरहेको हुँदा शेयर सदस्यहरुलाई आफ्नो आर्थिक कारोवारहरु ढुक्कसँग यसै संस्थाबाट गर्नको लागि स्मरण गराउँन चाहन्छु र संस्थाको आ.व. २०७९/८० को वित्तीय विवरण अध्ययन गरी रचनात्मक सुझावहरु समेत सञ्चालक समितिलाई उपलब्ध गराउँनु हुन हार्दिक अनुरोध गर्दछु।

सहकारी संस्था कुनै एक व्यक्तिको प्रभावबाट मात्र सफल हुन सक्दैन। सफल हुनका लागि सामूहिक प्रयास नै सबैभन्दा महत्वपूर्ण हुन्छ।समयानुकूल निर्णय गर्दै सोही बमोजिम हामीले कार्य गर्दै जाँदा मात्र कुनै पनि संघ संस्था दिगो रुपमा सञ्चालन हुँदै जाने हुन्छ। भावनामा बगेर गरेका कुनै पनि निर्णयहरुबाट संस्थाले आफ्नो उद्देश्य हासिल गर्न सक्दैन। यो संस्था पनि सामूहिक प्रयासको फल स्वरुपगत आ.व.को तुलनामा यस आ.व.मा पनि उल्लेख्य प्रगति हासिल गर्न सफल भएको छ।यसरी सफल हुनुमा राज्यले जारी गरेको सहकारी ऐन २०७४ तथा नियमावली २०७५ लाई पूर्ण रुपमा पालना गर्ने गरी नीति तथा रणनीतिहरु हामीले लिएका छौँ र सोही बमोजिम संस्थाको विनियम, नियमावली, कार्यविधि, निर्देशिका, आचार संहिताहरु निर्माण गरी कार्यान्वयन गर्दै अगाडि बढ्दै जाँदा संस्था अझै गतिशील रुपमा अगाडि बढ्ने विश्वास मैले लिएको छु। संस्थाले समुदायमा खरो उत्रने गरी विभिन्न सेवातथा सुविधाहरुको निर्धारण गरी शेयर सदस्यहरु सबैलाई समयानुकूल ढंग बाट वितरण गरिरहेको छ। जस अन्तर्गत प्रतिस्पर्धात्मक रुपमा बचत तथा ऋणमा ब्याजदर निर्धारण गरेको छ, अन्य सुविधाहरुमा सुत्केरी खर्च दुईहजार, मृत्यु राहत खर्च बिस हजार, औषधि उपचार खर्च पन्ध्र हजारसम्म, जटिल प्रकृतिका रोग लागेमा पच्चिस हजारसम्म, दैवी प्रकोपबाट क्षति भएमा क्षतिको अवस्था हेरी सञ्चालक समितिको निर्णय बमोजिमको राहत रकम, दुई लाखसम्मको दुर्घटना मृत्यु बीमा सुविधा जस्ता सामाजिक सुविधाहरु प्रदान गर्न सकेर पनि यो संस्था प्रति शेयर सदस्यको आकर्षण बढेको तथा आगामी दिनमा थप आकर्षण बढ्दै जानेछ भन्ने मेरो धारणा रहेको छ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

समग्रमा संस्थाको वित्तीय सम्रचना अत्यन्त राम्रो अवस्थामा रहेको छ। वित्तीय सूचकहरु मध्ये संस्थागत पुँजीको संरचना भने केही कमजोर रहेको अवस्थामा संस्थाले आगामी दिनमा संस्थागत पुँजीको रकमलाई आमुल परिवर्तन हुने गरी सुधार गर्नु पर्ने आवश्यकता देखिन्छ। यस संस्थामा आबद्ध सम्पूर्ण शेयर सदस्यले आफ्नो कारोवारलाई यसै संस्थाको माध्यम बाट गरी नाफामा उल्लेख्य वृद्धि गर्न सकेको खण्डमा संस्थागत पुँजी वृद्धिमा सफलता प्राप्त हुने मैले विश्वास लिएको छु। एक जना शेयर सदस्यले अर्को एक जना शेयर सदस्य बनाउँने गरी अभियान सञ्चालन गरिदिनुहुन समेत म सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु। सञ्चालक समितिले पनि संस्थाको कार्यक्षेत्र फराकिलो भई काभ्रे जिल्लाबाट भक्तपुर र काठमाडौँसम्म रहेकोले दीर्घकालीन योजना तयार गरी संस्थालाई अझै दिगो गरी सञ्चालन गर्ने रणनीतिका साथ अगाडि बढ्ने पनि विश्वास दिलाउँन चाहन्छु। संस्थाका शेयर सदस्यलाई सु-सूचित गराउँनको लागि विभिन्न किसिमका शैक्षिक कार्यक्रमहरु, वित्तीय साक्षरताका कार्यक्रमहरु अनवरत रुपमा सञ्चालन गरिरेहेका छौँ। प्रविधि मैत्री कार्यक्रमहरु पनि संस्थाले सञ्चालन गरेको छ। शेयर सदस्य महानुभावहरुलाई अझै थप सुविधा प्रदान गर्दै सबैको रोजाई मनकामना साकोस बनाउँनको लागि अझै के-के गर्न सकिन्छ रचनात्मक सुझावहरु जुनकुनै बेलामा पनि उपलब्ध गराई दिनुहुनको लागि सम्पूर्ण शेयर सदस्यहरु सबैमा म हार्दिक अनुरोध समेत गर्न चाहन्छु।

**अन्त्यमा,**

आदरणीय शेयर सदस्य महानुभावहरु, प्रमुख अतिथिज्यू, विभिन्न संघ संस्था एवम् निकायहरुबाट प्रतिनिधित्व गरी पाल्नु भएका विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, निवर्तमान अध्यक्षज्यूहरु, पत्रकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका पदाधिकारीज्यूहरु, अन्य समिति तथा उप समितिका पदाधिकारीज्यूहरु, पूर्व सञ्चालकज्यूहरु, कर्मचारी मित्रहरु लगायत सबैलाई हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस संस्थाको २८औँ वार्षिक साधारण सभालाई भव्य र सभ्य रुपमा सम्पन्न गर्न उपस्थित सम्पूर्णमा मेरो व्यक्तिगत तर्फबाट तथा संस्थाको सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै मेरो यो मन्तव्य यहीँ समापन गरी विदा हुन चाहन्छु। धन्यवाद।

**बचत गरौँ भन्नेलाई रमाउँने हुन्छ, बुढेस कालमा आनन्दले खान मन हुन्छ।**
**जय सहकारी। जय मनकामना॥**

# श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि. को २८ औं वार्षिक साधारण सभामा संस्थाका सचिव श्री होमनाथ दुङ्गेलद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन-२०८०



श्री होमनाथ दुङ्गेल
सचिव

श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि.को २८ औं वार्षिक साधारण सभाका सभापति महोदय, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, मञ्चमा आसीन विभिन्न संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका संयोजक तथा पदाधिकारीज्यूहरु, विभिन्न उप-समितिका पदाधिकारीज्यूहरु, कर्मचारी वर्ग, पत्रकार साथीहरु तथा यस गरिमामय २८ औं वार्षिक साधारण सभालाई सफल बनाउन विभिन्न गाउँ तथा बस्तीबाट उपस्थितहुनुहुने शेयर सदस्य महानुभावहरु सबैलाई सञ्चालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्र्याउन चाहन्छु साथै आगामी हप्ताबाट सुरु हुनलागेको विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्वको पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक मङ्गलमय शुभकामना समेत व्यक्त गर्दछु।

**"आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी"** भन्ने मूल नाराका साथ वि.स. २०५२ सालमा स्थापना भएको यस श्री मनकामना बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अनुसार तत्कालीन जिल्ला सहकारी कार्यालय धुलिखेलमा दर्ता भई सञ्चालनमा रहेको काभ्रे जिल्लाको समुदायमा आधारितसफल तथा लोकप्रिय सहकारी संस्थाको रुपमा सञ्चालन भएको व्यहोरा सबैजनालाई अवगतनै रहेको छ। यस संस्थाको प्रमुख उद्देश्य समाजमा छरिएर रहेको स-सानो पुँजीलाई सङ्कलन गर्दै मानिसकासामाजिक तथा आर्थिक आवश्यकतालाई परिपूर्ति गर्ने रहेको छ। सोही अनुसार संस्थाले सहकारी मर्म, शेयर सदस्यको भावना, विभिन्न नियमनकारी निकायहरुको सल्लाह तथा सुझाव, सहकारी ऐन, नियमावली तथा निर्देशनहरुको अधीनमा रही सफलतापूर्वक यो संस्था सञ्चालन भईरहेको हामीले महसुस गरेका छौं।शेयर सदस्य महानुभावहरुलाई कारोवार गर्न सहजता प्रदान गर्ने उद्देश्यका साथ हाल केन्द्रीय कार्यालय सहित सात स्थानबाट सेवा प्रवाहको सुरुवात गरिएको समेत निवेदन गर्न चाहन्छु।

आदरणीय शेयर सदस्य महानुभावहरु, अब म यस संस्थाले गरेका तथा भावी दिनहरुमा गर्ने क्रियाकलापको वारेमा जानकारी गराउने अनुमती चाहन्छु।

**१. संस्था सञ्चालनको लागि विनियम तथा कार्यविधिहरु संशोधनको लागि पेस गरिएको सम्बन्धी जानकारी:**

संस्थाले संस्था सञ्चालनको लागि सहज तथा व्यवस्थित गर्नको लागि संस्थाको विनियम २०७८ लाई समयानुकूल परिमार्जन गरी लागु गर्नुपर्ने भएको हुँदा सञ्चालक समितिलले स्वीकृत गरी यो सम्मानित साधारण सभामा पेस गरेको छु। त्यसैगरी तपसिल बमोजिमका कार्यविधिहरुलाई पनि परिमार्जन गरी सोको स्वीकृतिको लागि यो साधारण सभामा पेश गरेको हुँदा रचनात्मक सुझावहरु सहितविनियम र कार्यविधि संशोधनको प्रस्तावलाई पारित गरिदिनुहुन शम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई विनम्र अनुरोध गर्दछु।

**तपसिल:**

१) संस्थाको विनियम २) ऋण लगानी तथा असुली कार्यविधि ३) निर्वाचन कार्यविधि ४) मानव संसाधन कार्यविधि ५) सदस्यता प्रदान तथा फिर्ता कार्यविधि ६) बचत संकलन तथा फिर्ता कार्यविधि ७) आर्थिक प्रशासन कार्यविधि ८) सम्मान तथा पुरस्कार कार्यविधि १०) राहत वितरण कार्यविधि

**२. परिकल्पना, ध्येय र उद्देश्य निर्माण:**

**क. परिकल्पना:** Vision "सम्पूर्ण वित्तीय सेवा सहितको प्रविधिमैत्री दिगो संस्था"

**ख. ध्येय** : Mission "सदस्यको आर्थिक, सामाजिक एवम् सांस्कृतिक जीवनस्तर उकास्नको लागि संस्थागत सुशासन कायम गरी गुणस्तरीय सेवा प्रदान गर्ने"

**ग. संस्थाले दीर्घकालीन तथा मध्यकालीन समयको लागि लिएका उद्देश्यहरु:**

- सदस्यहरुलाई व्यवसायिक बनाउन उत्प्रेरणा प्रदान गर्ने,
- सदस्यहरुलाई उद्यमशील बन्नको लागि अभिप्रेरित गर्ने,
- सदस्यहरुलाई निरन्तर सहकारी शिक्षा, वित्तीय साक्षरता तथा वित्तीय परामर्श प्रदान गर्ने।
- संस्थाले आधुनिक प्रविधिहरु भित्र्याएर अत्यधिक कार्य गर्न मिल्ने गरी मोवाईल वैंकिङ्ग सेवाहरुको विकास गर्ने,

- साना तथा घरेलु उद्योग विकासका लागि सहुलियत ऋणको व्यवस्था गर्ने।
- वित्तीय रुपमा दिगो, सक्षम एवम् सबल रुपमा स्थापित गर्न वित्तीय सूचकहरुको संस्थाको अलग्गै स्तर निर्धारण गरी काम गर्ने,
- सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने,
- नीतिहरु अद्यावधिक गर्ने।
- सामूहिक रोजगारमूलक योजनामा लगानी गर्ने।
- नियमनकारी निकायमा तोकिएको समयावधिभित्र तोकिएको ढाँचामा प्रतिवेदन बुझाउने।
- संस्थामा संलग्न सदस्यहरु र समुदायबिच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको भावना विकास गरी नियमित बचत गर्ने बानीको प्रवर्धन गर्ने,
- सदस्यहरुबाट नियमित रुपमा निक्षेप प्राप्त गर्ने, निक्षेपमा बजारको अवस्था अनुसार व्याज प्रदान गर्ने।
- उत्पादनशील, आयमूलक, सिपमूलक उद्देश्यका लागि सदस्यहरुलाई प्रतिस्पर्धी बजार दरमा ऋण प्रदान गर्ने,
- आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबारे सदस्यहरुलाई उत्प्रेरित गर्ने,
- सदस्यहरुलाई आय-आर्जन क्षमतामा वृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउनुका साथै वित्तीय परामर्श तथा उद्यमशीलता विकासमा सहयोग गर्ने,
- सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य कृयाकलाप सञ्चालन गर्ने,
- सम्बन्धित निकायबाट स्वीकृति लिई दातृसंस्थाहरुबाट कुनै शर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने,
- आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने,
- सदस्यहरुको समृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सञ्चालनका साथै
  चल-अचल सम्पत्ति आर्जन गर्ने लगायतका कार्य गर्ने।
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक तथा सामाजिक उत्थानमा मैत्रीपूर्ण सहयोग पुर्‍याउने,
- अन्य संघ संस्थाबाट ऋण लिने।
- विप्रेषण सेवा उपलब्ध गराउने।
- बिमा कम्पनीसँगको सहकार्यमा एजेन्सी लिई जीवन र निर्जीवन बिमा कार्यक्रम सञ्चालन गर्ने।
- सदस्यहरुमा स्वावलम्वनको ज्ञान पारस्परिक सहयोग र मितव्ययिताको भावना सृजना गर्ने र बचत गर्ने बानीको विकास गर्ने।
- पुँजीको अभावको कारण आफ्नो सिप र कार्यक्षमता उपयोग गर्न अक्षम सदस्यलाई पुँजीको व्यवस्था मिलाईदिने।
- सदस्यहरुबाट बचत सङ्कलन गरी सो वचतलाई समूहहरु भित्रै उत्पादनशील र अत्यावश्यकीय कार्यमा सुलभ व्याजदरमा परिचालन गरी पुँजीको सदुपयोग गर्ने।
- समान उद्देश्य भएका सहकारी संस्थाहरुविच समन्वय विस्तार गरी एक आपसमा पारस्परिक सहयोग तथा सेवा आदान प्रदान गर्दै एकीकरणको पहल गर्ने ।
- कार्यक्षेत्रभित्रका कम्तिमा ३० प्रतिशत जनसङ्ख्या समेट्ने गरी सदस्यता विस्तार गर्ने।
- शेयर सदस्यता वृद्धि सँग-सँगै सदस्यहरुलाई पायक पर्ने स्थानहरुमा सेवा कार्यालयहरु सञ्चालन गर्ने।
- साधारण जनतामा आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्गठनको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रीय संघको सदस्यता ग्रहण गर्ने।
- संस्थाका शेयर सदस्यहरु तथा संस्थागत विकासका लागि संस्थागत वा साझेदारी रुपमा आय आर्जन सम्बन्धी व्यवसायिक परियोजनाहरु सञ्चालन गर्ने।

३. **साधारण सभामा गरिने सम्मान तथा विभिन्न कार्यक्रमहरुको सङ्क्षिप्त विवरणः–**

यस संस्थाले उत्कृष्ट बचतकर्ता तर्फ साधारण तथा मुद्दती बचत सम्मान १ जना र बाल बचत सम्मान १ जना गरी बचत तर्फ २ जनालाई सम्मान गरिनेछ भने ऋण तर्फ महिला र पुरुष गरी २ जना ऋणीहरुलाई सम्मान गरिनेछ। त्यसैगरी वर्षको उत्कृष्ट कर्मचारी सम्मान पुरस्कार १ जना कर्मचारीलाई सम्मान गरिनेछ भने उत्कृष्ठ सेवा केन्द्र पुरस्कारबाट एउटा सेवा केन्द्रलाई पुरस्कृत गरिनेछ।

**४. शेयर सदस्यताको हालसम्मको अवस्थाः–**

यस संस्थामा आ.व. २०७९/८० मा कूल शेयर सदस्य जम्मा ६०८ जनाले वृद्धि हुन गई शेयर सदस्यताको अवस्था तपसिल बमोजिमको छ।

क. जम्मा सदस्य सङ्ख्या असार मसान्तसम्म : ८७६९

ख. महिला सदस्य :३५८३

ग. पुरुष सदस्य :५१८६

**५. बैठक सञ्चालनको अवस्था**

आ.व. २०७८/७९ मा संस्थाको दैनिक कार्य सञ्चालनलाई चुस्त, दुरुस्त तथा सहज ढङ्गबाट सञ्चालन गरी शेयर सदस्यलाई समयानुकूल सेवा प्रदान गर्न सञ्चालक समिति, लेखा समिति, ऋण उप-समिति लगायतका उप समितिहरुको नियमित तथा आवश्यकता अनुसार बैठकहरु बसिएको विवरण पेश गर्न चाहन्छु।

| क्र.सं. | बैठकको नाम | बैठक सङ्ख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | १२ पटक |
| २ | लेखा समिति | १३ पटक |
| ३ | ऋण उप-समिति | १५ पटक |
| ४ | शिक्षा उपसमिति | ३ पटक |
| ५ | कर्मचारी व्यवस्थापन उपसमिति | ५ पटक |
| ६ | स्वास्थ्य उपसमिति | १ पटक |
| ७ | सहकारी गान तयारी उपसमिति | १ पटक |
| ८ | साधारण सभा तयारी उपसमिति | १ पटक |
| ९ | सेवाकेन्द्र व्यवस्थापन उप समिति | १. गोदामचोक सेवा केन्द्रः-९ पटक<br>२. पनौती सेवा केन्द्र :-१२ पटक<br>३. कोटेश्वर सेवा केन्द्रः- ९ पटक<br>४. कौशलटार सेवा केन्द्रः-८ पटक<br>५. बेथाञ्चोक सम्पर्क कार्यालय :- १३ पटक<br>६. पाँचखाल सम्पर्क कार्यालयः- १० पटक |

**६. शेयर सदस्यको लागि तालिम तथा वृत्ति विकास कार्यक्रम सञ्चालनः–**

यस संस्थामा कार्यरत कर्मचारी, सञ्चालक, लेखा समिति, उप-समितिमा रही कार्यगर्नुहुने पदाधिकारीहरुको वृत्ति विकासको लागि आवश्यक तालिम तथा गोष्ठीमा सहभागी गराइएको छ। राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, जिल्ला सहकारी संघ, काभ्रेपलाञ्चोक जिल्ला बचत सहकारी संघ, बागमती प्रदेश बचत संघ(प्रोस्कुन) लगायतका संघ संस्थाबाट सञ्चालन भएका विभिन्न किसिमका तालिमहरुमा तपसिल बमोजिमका कर्मचारी तथा पदाधिकारीहरुलाई संलग्न गराईएको हुँदा क्षमता अभिवृद्धिभई संस्थाको विकास तथा विस्तारमा उल्लेख्य योगदान रहेको हामीले महसुस गरेका छौं।

| क्र.सं. | तालिममा सहभागिको नाम | पद | तालिमको नाम | सञ्चालन भएको कूल दिन | तालिम दिने संस्था/ निकायको नाम (आयोजक) |
|---|---|---|---|---|---|
| १ | राजकुमार दाहाल | प्रमुख कार्यकारी अधिकृत | सि.ई.ओ. वर्कसप | २ दिने | नेफ्स् कून |
| २ | राजकुमार दाहाल | प्रमुख कार्यकारी अधिकृत | सहकारी अवलोकन भ्रमण कर्णाली प्रदेश | ६ दिने | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |
| ३ | राजकुमार दाहाल | प्रमुख कार्यकारी अधिकृत | सहकारी अवलोकन भ्रमण<br>एफ.एम. डि.आई. इफ्को डेल्ली, भारत | ५ दिने | राष्ट्रिय सहकारी महासंघ |
| ४ | सुदर्शन दाहाल | ब. ऋण अधिकृत | ऋण व्यवस्थापन | २ दिने | नेफ्स् कून |
| ५ | कोमलप्रसाद कुईकेल | ब. लेखापाल | सहकारी कानुन | १ दिने | बनेपा नगरपालिका |
| ६ | सुजन जंगम | ब. प्रबन्धक | वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम | ३ दिने | जिल्ला सहकारी संघ |
| ७ | सुजन जंगम | ब.प्रबन्धक | उच्चस्तरीय वित्तीय व्यवस्थापन तालिम | ३ दिने | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |
| ८ | सिताराम तिमल्सिना | प्रबन्धक | सि.यु.एम.सि.सि. | ४ दिने | नेफ्स् कून |
| ९ | सरोज नेपाल | सेवाकेन्द्र प्रमुख | सुरक्षित ऋण लगानी तथा जोखिम व्यवस्थापन तालिम | २ दिने | नेफ्स् कून |
| १० | दिल कुमार श्रेष्ठ | ब.अधिकृत | ऋयग्उ अबचम गिलअज | २ घण्टा | राष्ट्रिय सहकारी बैक |
| ११ | सविता घिमिरे | प्रशिक्षार्थी क्लेक्टर | बचत सङ् कलन सम्बन्धी आधारभूत तालिम | २ दिने | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |
| १२ | सिताराम तिमल्सिना | प्रबन्धक | करव्यवस्थापन सम्बन्धी | १ दिने | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |
| १३ | सुजन जंगम | ब.प्रबन्धक | अध्यक्ष र व्यवस्थापन प्रमुखको अन्तरक्रिया कार्यक्रम | १ दिने | जिल्ला सहकारी संघ |
| १४ | बालकृष्ण दाहाल | अध्यक्ष | अध्यक्ष र व्यवस्थापन प्रमुखको अन्तरक्रिया कार्यक्रम | १ दिने | जिल्ला सहकारी संघ |
| १५ | बालकृष्ण दाहाल | अध्यक्ष | सहकारी महासम्मेलन | २ दिने | राष्ट्रिय सहकारी महासंघ |
| १६ | विश्वबन्धु दाहाल | सेवाकेन्द्र प्रमुख<br>बेथाञ्चोक | नापी नक्सा सम्बन्धी तालिम | २ दिने | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |

**७. विभिन्नकार्यक्रममा संस्थाको सहभागिताः–**

क) राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक लि., काभ्रेपलाञ्चोक जिल्ला बचत संघ, जिल्ला सहकारी संघ लगायतका संघ संस्थाहरुबाट आयोजना गरिएका विभिन्न विषयका तालिम, गोष्ठी, वार्षिक साधारण सभा लगायतका कार्यक्रममा संस्थाको सञ्चालक समिति, कर्मचारी, लेखा समिति, उपसमिति तथा शेयर सदस्यहरुलाई भौतिक तथा अभौतिक कार्यक्रममा समानुपातिक रुपमा सहभागी गराइएको छ।

ख) नेफ्स्कूनबाट सञ्चाललित एक्सिस कार्यक्रम अन्तर्गत ३-३ महिनामा सञ्चालन हुने पाम वर्कसपमा सञ्चालक समिति, कर्मचारी व्यवस्थापन, एक्सेस कार्यदल लगायतका समिति उपससमितिबाट समानुपातिक रुपमा सबै कार्यक्रममा सहभागी भईएको।

**८. स्थापना दिवसको कार्यक्रम :–**

क) मिति २०७९ साल मंसिर १७ गते शनिवारको दिन नेपाल रेडक्रस सोसाइटी बनेपा शाखासँग समन्वय गरी १ दिने रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो जुन कार्यक्रममा ४४ जना रक्तदाताले सहभागिता जनाउँनु भएको थियो।

ख) मिति २०७९/८/१८ गते बनेपा ५ को चण्डेश्वरी मन्दिर, बनेपा ११ को धनेश्वर मन्दिर र केन्द्रीय कार्यालयको प्राङ्गणमा गरी जम्मा ६ वटा कुहिने र नकुहिने गरी दुई थरिका फोहर जम्मा गर्ने डस्टविन खरिद गरी उपलब्ध गराईएको थियो।

ग) २८ औँ स्थापना दिवसकै अवशरमा पाँचखाल ११ स्थित खरेलथोकमा रहेको बौद्धिक अपाङ्गता तथा सुस्त मनस्थिति पुनर्स्थापना केन्द्रमा रहेका विद्यार्थी भाइ ब्रबहिनीहरुलाई जाडोमा लगाउँने एक-एक जोर ट्र्याकसुट, मिठाइ, खाद्यान्न, फलफूल लगायतका सामग्रीहरु उपलब्ध गराई मनाईएको थियो।

**९. सदस्य शिक्षा शिविर तथा अन्य विविध कार्यक्रमहरुः–**

मिति २०७९ साल फागुन २४ गते केन्द्रीय कार्यालयको आयोजनामा १ दिने सहकारी शिक्षा शिविर तथा वित्तीय साक्षरता कार्यक्रम संस्थाको आफ्नै भवनमा आयोजना गरिएको थियो। उक्त कार्यक्रममा संस्थाका शेयर सदस्यहरुको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रममा संस्थाको गतिविधि तथा वित्तीय साक्षरता सम्बन्धी प्रस्तुतीकरण गरिएको तथा शेयर सदस्यज्यूहरुले राख्नुभएको जिज्ञासाहरुको बारेमा छलफल गरी समाधान गरिएको थियो।

**१०. सेवाकेन्द्रहरुबाट सञ्चालन गरिएका कार्यक्रमहरुः**

संस्थाका सेवा केन्द्रहरुलाई पनि सामाजिक उत्तरदायित्व कार्यक्रमहरु आयोजना गर्न लगाई शेयर सदस्यहरुलाई सचेतना गराउँने उद्देश्यका साथ यस संस्थाका सबै सेवा केन्द्रहरुबाट कार्यक्रमहरु आयोजना भएका थिए।

क) गोदामचोक सेवा केन्द्रबाट धुलिखेल नगरपालिका वडा नं. ९ मा शेयर सदस्यता सचेतना कार्यक्रम आयोजना गरिएको थियो। सो कार्यक्रममा करिव १०० जना भन्दा बढी शेयर सदस्यहरु तथा सम्भावित शेयर सदस्यहरुको उपस्थिति रहेको र नयाँ सदस्हरले पनि आवेदन गर्नुभएको थियो। संस्थाको तर्फबाट संस्थागत जानकारी मुलकप्रस्तुति समेत गरिएको थियो। त्यसै गरी गोदामचोक सेवा केन्द्रकै आयोजनामा मिलेनियम कलेजको प्राङ्गणमा रक्तदान कार्यक्रम आयोजना गरिएकोमा करिब ४० जनाको सहभागिता रहेको थियो।

ख) पनौती सेवा केन्द्रको आयोजनामा मिति २०७९ साल चैत्र २५ गते शनिवार बाथरोग सम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। सो कार्यक्रममा करिव २३० जना व्यक्तिहरुले आफ्नो स्वास्थ्य परीक्षण गर्नुभई निशुल्क परामर्श तथा औषधी वितरण गरिएको थियो।

ग) कोटेश्वर सेवाकेन्द्रको आयोजनामा तीनकुने गैह्रिगाउँमा मिति २०७९ साल पौष ३० गते वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिएकोमा सो कार्यक्रममा कूल १३७ जना शेयर सदस्यहरुको उपस्थिति रहेको थियो।

घ) कौशलटार सेवा केन्द्रको आयोजनामा मिति २०७९ साल फागुन २७ गते शनिवार सदस्य उत्प्रेरणा तथा वित्तीय साक्षरता कार्यक्रम कौशलटारमा सञ्चालन गरिएकोमा सो कार्यक्रममा कूल १६५ जनाको उपस्थिति रहेको थियो।

ङ) बेथाञ्चोक सम्पर्क कार्यालयको आयोजनामा मिति २०८० जेठ १३ गतेका दिन ढुंखर्क डाडागाउँमा सदस्यता अभिवृद्धि तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएकोमा सो कार्यक्रममा करिव २५० जना सदस्यहरुको उपस्थिति रहेको थियो।

च) पाँचखाल सम्पर्क कार्यालयको आयोजनामा निःशुल्क दन्तशिविर कार्यक्रमको मिति २०७९ साल फागुन २० गते आयोजना गरिएको थियो। सो कार्यक्रम खरेलथोकमा करिव २०० जनाको उपस्थिति रहेको थियो।

छ) संस्थाको मुख्य कार्यालयबाट कर्मचारी अभिमुखीकरण तथा पिकनिक कार्यक्रम आशापुरीमा सम्पन्न गरिएको थियो। संस्थाका सम्पूर्ण कर्मचारी उपस्थित सो कार्यक्रममा प्रशिक्षकको रुपमा नेफ्स्कूनका ब. तालिम अधिकृत प्रेमनाथ वाग्लेज्यूले सहजीकरण गर्नु भएको थियो।

**११. सवारी साधनको कर भुक्तानी तथा नवीकरण सेवाको निरन्तरताः**

संस्थाका शेयर सदस्यलाई विभिन्न सेवामा समावेस गरी सेवा उपलब्ध गराउने उद्देश्यकासाथ शेयर सदस्यहरुका सवारी साधनको नवीकरण

तथा कर भुक्तानी गर्ने काममा यसै संस्थाबाट भुक्तानी गर्न सकिनेगरी व्यवस्था मिलाएका छौँ। सो सेवा सञ्चालनमा सहजीकरण गर्न स्मार्ट सर्भिस इन सँग सम्झौता गरी अगाडि बढिएको समेत जानकारी गराउँदछु। दुई पाँङ्ग्रे सवारीसाधनको चार्ज रु ३५० र चार पाँङ्ग्रे साना सवारी साधनको रु४५० शुल्क तोकिएको र कागजपत्र बुझाएको २ दिनमा काम सकेर ब्लुबुक हस्तान्तरण समेत गर्ने गरिएको जानकारी गराउँदै यो सेवा उपयोग गरी सम्पूर्ण शेयर सदस्यहरुले लाभ लिनुहुन समेत अनुरोध गर्दछु।

१२. **सदस्य सन्तुष्टि परीक्षण**

संस्थामा आबद्ध रहनुभएका शेयर सदस्यहरुलाई संस्थाबाट प्रदान गरिएका सेवाहरुका विषयमा शेयर सदस्यहरुको सन्तुष्टिको परीक्षण गरी आगामी दिनहरुमा संस्थाले सुधार गर्नुपर्ने कुराहरुलाई पहिचान गर्नको निम्तितथा सेवाहरु थप गर्नुका साथै भएका सेवाहरुलाई संशोधन गरी सदस्यहरुलाई यस संस्थाप्रति आकर्षित गर्दै दिगो संस्था निर्माणको लागि मार्गीचित्र तय गर्न सहयोग हुने अपेक्षा हामीले राखेका छौँ।

१३. **रेमिट्यान्स (विप्रेशण) सेवाको निरन्तरताः**

शेयर सदस्यहरुलाई कारोवारको सहजता प्रदान गर्नको निमित्त सिटि एक्सप्रेस, आई.एम.ई., वेस्टर्न युनाईटेड मनि ट्रान्सफर लगायतका रेमिट्यान्स (विप्रेशण) सेवाहरुको निरन्तरता रहेको जानकारी गराउदै यस संस्थाको कुनैपनि कार्यालयबाट विप्रेशण कारोबार गर्न सकिने बारेमा जानकारी गराउँदछु।

१४. **क्यू. आर. भुक्तानी सेवाको निरन्तरताः**

आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने उद्देश्यका साथ व्यापार व्यवसायमा आबद्ध यस संस्थाका शेयर सदस्यहरुलाई लक्षित गर्दै क्यू.आर. भुक्तानी सेवा समेत सञ्चालनमा ल्याईएको जानकारी गराउँदछु। यस सेवाको प्रयोगले ग्राहकबाट भुक्तानी भएको रकम सोझै शेयर सदस्यको मनकामनाको खातामा जम्मा भई व्याज गणना समेत सोही दिनबाट हुने हुँदा यस संस्थामा आबद्ध सम्पूर्ण व्यवसायी शेयर सदस्यहरुले आफ्नै संस्थाको क्यू.आर. सेवा उपयोग गर्नुभई लाभ लिनुहुन समेत जानकारी गराउँदछु। साथै क्यू.आर. सेवाबाट मनकामनाको खातामा जम्मा भएको रकम अन्यत्र भुक्तानी गर्नुपर्ने भएको खण्डमा यसै संस्थाको मोवाईल बैंकिङबाट घरमै बसेर भुक्तानी गर्न सकिने अर्थात् कार्यालयसम्म आईराख्नुपर्ने जरुरी नहुनेहुँदा यो सेवा सरल, सहज र भरपर्दो भएको समेत सम्मानित यस सभामा जानकारी गराउँदछु।

१५. **ए.टि.एम. सेवाको लागि प्रकृयाको आरम्भ :**

संस्थाले शेयर सदस्यहरुलाई प्रविधिमैत्री बनाउँदै कारोवारलाई सरल तथा सहज बनाउने उद्देश्य अनुरुप राष्ट्रिय सहकारी बैंक सँगको सहकार्यमा निकट भविष्यमा मनकामना ए.टि.एम. कार्ड उपलब्ध गराउन लागिएकोले सो सुविधालाई भरपुर रुपमा उपयोग गरी लाभ लिनुहुन सम्बन्धित सम्पूर्ण शेयर सदस्यहरुलाई अनुरोध गर्दछु।

१६. **नियमित बचतलाई नियमित गर्न शेयर सदस्यहरुमा सादर अनुरोधः**

संस्थामा शेयर सदस्यता प्राप्त गरिसकेपश्चात् मासिक रुपमा नियमित जम्मा गर्नुपर्ने न्यूनतम रकम समेत केही शेयर सदस्यले जम्मा नगर्नुभएको पाईएको कारण नियमित बचतलाई मासिक वा वार्षिक रुपमा भएपनि नियमित जम्मा गरिदिनुहुनको लागि संस्थाको सञ्चालक समितिको तर्फबाट म हार्दिक अनुरोध गर्दछु। बचत भनेको भविष्य हो। बचतले मानिसलाई भविष्यमा सरल सहज ढङ्गबाटजीवनयापन गर्न सहयोग गर्ने जानकारी गराउँदै नियमित बचत नगर्नुहुने शेयर सदस्यहरुलाई आगामी दिनमा संस्थाबाट प्रदान गरिने विभिन्न किसिमका सम्पूर्ण राहत कार्यक्रम तथा संस्थागत सहभागितामा सामेल नगर्ने भन्ने सञ्चालक समितिको निर्णय बमोजिम सो निर्णयलाई यो सम्मानित साधारण सभाबाट पास गरियोस् भनी प्रस्ताव समेत पेश गर्न चाहन्छु।

१७. **संस्थाको आबद्धताः–**

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्सकून)
- जिल्ला सहकारी संघ लि. काभ्रेपलाञ्चोक
- काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काभ्रेपलाञ्चोक
- राष्ट्रिय सहकारी बैंक लि.
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कून)

### १८. समिति उप-समितिको साङ्गठनिक संरचना

| क्र.सं. | समितिको नाम | सङ्ख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | १५ जना |
| २ | लेखा तथा सुपरीवेक्षण समिति | ३ जना |
| ३ | ऋण उपसमिति | ५ जना |
| ४ | शिक्षा उपसमिति | ५ जना |
| ५ | स्वास्थ्य तथा समाजकल्याण उपसमिति | ५ जना |
| ६ | कार्यालय व्यवस्थापन उपसमिति | ५ जना |
| ७ | विपद् व्यवस्थापन उपसमिति | ५ जना |
| ८ | कृषि तथा लघुवित्त उपसमिति | ५ जना |
| ९ | महिला उपसमिति | ५ जना |
| १० | व्यवसाय प्रवर्द्धन उप -समिति | ५ जना |
| ११ | सदस्यता सुरक्षण तथा राहत वितरण उप -समिति | ५ जना |
| १२ | सेवा केन्द्र व्यवस्थापन समिति | हरेक सेवा केन्द्रमा ५ -५ जना |

### १९. बचतका स्किम तथा व्याजदर:-

| बचत शीर्षक | कायम व्याजदर | व्याज गणना विधि | व्याज भुक्त ानी हुने | न्यूनतम मौज्दात |
|---|---|---|---|---|
| साधारण बचत क,ख,ग, घ | ८ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.५००। - |
| सुनगाभा बचत | ८.५ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु ५०००। - |
| मनकामना विशेष बचत | ८ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.५००। - |
| बाल बचत, १ वर्षे बालबचत | १० % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.१,०००। - |
| आग्रह बचत | ९.५ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.१०,०००। - |
| खुत्रुके बचत | ८ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु. १,०००। - |
| सुनौलो मनकामना बचत एम.जि.एस. | ९.५ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु. १०,०००। - |
| दैनिक बचत | ८ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु. ५,००। - |
| विशेष बाल बचत (५०० देखि ५००० सम्म मासिक नियमित बचत गर्नु पर्ने।) | ११ % | दैनिक मौज्दातमा | अर्धवार्षिक रुपमा | रु.५०० |
| ३ महिने आवधिक बचत | १२ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.५०००० |
| ६ महिने आवधिक बचत | १२.५ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.५०००० |
| १ वर्षे आवधिक बचत | १३ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.५०००० |
| नियमित बचत | १३ % | दैनिक मौज्दातमा | त्रैमासिक रुपमा | रु.३०० |

### २०. मनकामना क्रमिक बचत योजना:-

| क्र.सं. | किस्ता रकम (मासिक) | अवधि | कूल लगानी | एकमुष्ट भुक्तानी |
|---|---|---|---|---|
| १ | रु.५००। – | ५ वर्ष | ३०,०००। - | रु.३९,०००। – |
| २. | रु.१०००। – | ५ वर्ष | ६०,०००। - | रु.७८,०००। – |
| ३. | रु.२०००। – | ५ वर्ष | १,२०,०००। - | रु.१,५६,०००। – |
| ४ | रु.५००। – | १० वर्ष | ६०,०००। - | रु.१,००,०००। – |
| ५ | रु.१०००। – | १० वर्ष | १,२०,०००। - | रु.२,००,०००। – |
| ६ | रु. २०००। – | १० वर्ष | २,४०,०००। - | रु.४,००,०००। – |

### २१. कर्जाको व्याज तथा साँवा भुक्तानी सम्बन्धीहालको व्यवस्था

| क्र.सं. | कर्जाको किसिम | व्याज दर | अवधि | सेवा शुल्क |
|---|---|---|---|---|
| १ | स्वरोजगार लघुवित्त कर्जा | १४% | ३ वर्ष | – |
| २ | मासिक किस्ता (साँवा र व्याज) | १४ % | ३ वर्ष | १ % |
| ३ | त्रैमासिक किस्ता (साँवा र व्याज) | १५ % | ३ वर्ष | १ % |
| ४ | मासिक व्याज वार्षिक किस्ता | १६ % | १ वर्ष | १ % |
| ५ | सुनौलो मनकामना बचत जमानत कर्जा | थप २ % | अवधि अनुसार | – |
| ८ | कृषि तथा पशुपालन कर्जा<br>रु.१०००००। – देखि रु. ५०००००। – सम्म<br>रु. ५००००० भन्दा बढी रकममा अन्य कर्जा सरह हुने | १३ -१६ % | ३ वर्ष | १ % |
| ९. | शैक्षिक कर्जा (रु. २००००००। – सम्म ) | १३ -१६ % | ४ वर्ष | १ % |

**२२. किस्ताबन्दी कर्जाको अवधि र सीमा सम्बन्धी व्यवस्था**

| कर्जाको सीमा | अवधि | मासिक किस्ता व्याजदर | त्रैमासिक किस्ता व्याजदर | मासिकव्याज मात्र तथा वार्षिक नवीकरण |
|---|---|---|---|---|
| रु. ५–१० लाख सम्म | ५ वर्ष | १४ प्रतिशत | १५ प्रतिशत | १६ प्रतिशत |
| रु. १०–२० लाखसम्म | ७वर्ष | १४ प्रतिशत | १५ प्रतिशत | १६ प्रतिशत |
| रु.२० लाख माथि | १० वर्ष | १४ प्रतिशत | १५ प्रतिशत | १६ प्रतिशत |

**२३. ऋण स्वीकृत तथा व्यवस्थापनः–**

यस संस्थाको ऋण स्वीकृत तथा व्यवस्थापन गर्ने कार्य दस लाख रुपैंयासम्म केन्द्रीय कार्यालयमा कार्यालय व्यवस्थापनको निर्णयबाट तथा सेवा केन्द्रहरुमा सेवा केन्द्र व्यवस्थापन उप-समितिको निर्णय पश्चात् ऋण लगानी गरिनेछ। रु ५०लाखसम्म ऋण उप-समितिको स्वीकृति पश्चात् र ५० लाख माथिको कर्जामा ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिको स्वीकृति पश्चात् ऋण लगानी गरिनेछ। दस लाखसम्मको कर्जामा संस्थाको आन्तरिक मूल्याङ्कनबाट कर्जा स्वीकृत गरिनेछ भने दस लाख माथिको कर्जामा संस्थाको आन्तरिक मूल्याङ्कन तथा बाह्य मूल्याङ्कनकर्ताको प्रतिवेदन अनुसार ऋण लगानी गरिनेछ।नेपाल सरकारले जारी गरेको सन्दर्भ व्याजदर अनुरुपनै संस्थाले ऋणको व्याजदर कायम गरेको छ।

**२४. शेयर सदस्य स्वास्थ्य उपचार खर्च वितरण :**

यस संस्थाका शेयर सदस्यहरु विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउनुपरेको अवस्थामा पाँच वर्षको एक पटक औषधी उपचारमा लागेको विल भर्पाइ अनुसार कूल खर्चको १५ प्रतिशत वा रु १५ हजार नबढ्ने गरी उपचार खर्च उपलब्ध गराउने नीति रहेकोमा आ.व. २०७९/८० मा उपचार खर्च कूल ८७०८८५।- भएको जानकारी यो सम्मानित साधारण सभालाई गराउन चाहन्छु।

**२५. शेयर सदस्य सुत्केरी खर्च वितरण कार्यक्रमः**

यस संस्थाका शेयर सदस्यहरु सुत्केरी भएको अवस्थामा रु दुई हजार उपलब्ध गराउँदै आइएको छ। सो रकममा रु . ५०० बरावरको रकम नाबालकको नाममा बालबचत खाता सञ्चालन गरिनेछ भने बाँकी रकम रु एक हजार पाँच सय नगदै उपलब्ध गराईने गरिएकोमा गत आ.व. २०७९/८० मा ३८ जना शेयर सदस्यलाई सुत्केरी खर्च उपलब्ध गराई जम्मा रु. ७६०००।-रुपैया भुक्तानी गरिएको व्यहोरा जानकारी गराउदछु। चालु आ.व. बाट निःशुल्क खुत्रुके तथा स्टेसनरी वितरण कार्यक्रम अन्तर्गत मंसिर १ गतेदेखि सम्बन्धित कार्यालयबाट वितरण गर्ने योजना बनाए बमोजिम सम्पूर्ण शेयर सदस्यहरुलाई सम्बन्धित कार्यालयमा उपस्थित भई सेवा लिनुहुन समेत अनुरोध गर्दछु।

**२६. श्रद्धाञ्जली तथा राहत उपलब्ध गराइएको विवरणः**

यस आ.व.मा यस संस्थाका शेयर सदस्य तथा शेयर सदस्यका एकाघर परिवारका सदस्यहरुको विभिन्न कारणबाट दिवङ्गतहुनुभएकोमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी समवेदना प्रकट गर्दै यस संस्थाको २८ औं वार्षिक साधारण सभामा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा यस संस्थाको तर्फबाट सञ्चालक समिति, लेखा समिति तथा उपसमितिका पदाधिकारीहरु कर्मचारीको टोलीले सम्बन्धित शेयर सदस्यको घर आँगनमा नै गई राहत वितरण तथा समवेदना प्रकट गर्ने कार्यलाई निरन्तरता दिइएको छ। आगामी दिनमा पनि यस कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस आ.व.मा दिवङ्गत हुनुभएका निम्नानुसारका शेयर सदस्यका एका घर परिवारका सदस्यलाईरु रु २० हजार रुपैंया उपलब्ध गराउने कार्यक्रम बमोजिमकूल वार्षिक खर्च रु.३६००००।- रकम शेयर सदस्यका एकाघर परिवारलाई घरमै गएर संस्थाको सञ्चालक समिति तथा व्यवस्थापनका साथीहरुले राहत उपलब्ध गराउँनुभएको थियो। सम्भव रहेसम्म शेयर सदस्यहरुको एकाघर परिवारका सदस्यहरुको मृत्युहुँदा पनि संस्थाको तर्फबाट घरमै गई समवेदनादिने गरिएको छ।

**२७. २७औं वार्षिक साधारण सभाः**

यस संस्थाको २७ औं वार्षिक साधारण सभा मिति २०७९/५/३० गते देखि २०७९/६/३ गतेसम्म सञ्चालन गरिएको थियो। सो कार्यक्रममा कूल सदस्य सङ्ख्याको ७०.१५ प्रतिशत अर्थात् ५७९६ जना शेयर सदस्यहरुको उपस्थिति रहेको थियो। २७औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरण तथा वार्षिक साधारण सभाको विधिवत समापन कार्यक्रमनेपाल बचत तथा ऋण केन्द्रीयसहकारी संघ लि. नेफ्स्कुनका अध्यक्ष परितोष पौडेलज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सञ्चालन गरिएको थियो।

**२८. सदस्यको बीमा सम्बन्धमाः**

संस्थाका सम्पूर्ण शेयर सदस्यहरुको भैपरिआउँने जोखिमलाई ध्यानमा राखी प्रति सदस्य दुई लाख सम्मको दुर्घटना मृत्यु बिमा कार्यक्रम सञ्चालन गरिएको छ र आगामी दिनहरुमा पनि यो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**२९. एक्सेस ब्रान्डिङ कार्यक्रममममा निरन्तरता :**

एसियाली ऋण महासंघले अन्तर्राष्ट्रियस्तरमा बचत तथा ऋण सहकारी संस्थाको गुणस्तर सुनिश्चित गर्न विकास गरिएको औजारको रुपमा सञ्चालनमा ल्याएको र नेपालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्सकूनको प्राविधिक सहयोगमा सञ्चालित एक्सेस ब्राण्डिङ्ग (**ACCESS Branding**)कार्यक्रममा सम्झौतालाई नवीकरण गरिएको र आगामी दिनमा एक्सेसले तोकेको मापदण्ड, नीति र नियममा रही संस्था सञ्चालन हुने उद्घोष यसै २७ औं वार्षिक साधारण सभाबाट गर्न चाहन्छु र केही समयभित्रै छोटो अवधि मै ब्राण्ड प्राप्त गर्न सकिनेगरी कार्य गर्ने बाचा समेत म यहाँहरुलाई दिन चाहन्छु र त्यसको लागि शेयर सदस्य, सञ्चालक समिति, लेखा समिति, अन्य उप-समिति, कर्मचारी, सल्लाहकार, नेफ्स्कून लगायतका निकायहरुबाट पूर्ण सहयोग रहन्छ भन्नेमा पनि म आशावादी रहेको छु।

**३०. मोवाइल बैंकिङ सुविधा सञ्चालनः**

यस संस्थाले शेयर सदस्यहरुको सुविधालाई ध्यानमा राखी मोवाइल बैंकिङ सुविधालाई झन प्रभावकारी ढङ्गबाट सञ्चालन गर्दै आईएको छ। यसबाट शेयर सदस्यले मनकामनाको खाताबाट बैंक वित्तीय संस्थामा रकम भुक्तानी गर्न सकिनेछ मोवाइलमा रिचार्ज **(NTC,NCELL,SMART CELL, UTL,DISH TV,SIMTV, NETTV,CLEAR TV)** मा रिचार्ज गर्न सकिनेछ। त्यसै गरीबैंकबाट सहकारी तथा सहकारीबाट बैंकमा रकम स्थानान्तरण समेत गर्न सकिने सुविधाको साथ साथै प्लेन टिकेट सुविधा अन्तर्गत बुद्ध एयर, यति एयर, सूर्य एयर, सिम्रिक एयरको टिकेट सुविधा यसै संस्थाको मोवाइल एप्सबाट लिन सकिनेछ भने अन्य सुविधा अन्तर्गत इन्टरनेटको रकम भुक्तानी जस्तै सुविसु, वर्ल्ड लिङ्क, भायो नेट, ब्रोड लिंकको रकम भुक्तानी, विद्युत्को महसुल भुक्तानी, खानेपानीको रकम भुक्तानी, होटल बुकिङ सुविधा, विभिन्न मुभिको टिकेटिङका लागि पनि यसै संस्थाको मोवाइल एप्स बाट गर्न सकिने हुँदा शेयर सदस्यको समयको बचत, सरल तथा विश्वासिलो भुक्तानी गर्न सकिने हुँदा सम्पूर्ण शेयर सदस्यहरुले निः शुल्क रुपमा यो सेवा उपयोग गर्नुहुन म हार्दिक अनुरोध गर्दछु।

**३१. कार्यालय व्यवस्थापन**

संस्थाको कार्यालय व्यवस्थापन शेयर सदस्यको सुविधालाई ध्यानमा राखी आर्थिक तथा प्रशासनिक कार्यलाई निरन्तर तथा नियमित बनाउन कार्यालय समय आइतवारदेखि विहीवारसम्म १० बजेदेखि ५ बजेसम्म तथा शुक्रवार १० बजेदेखि ३ बजेसम्म, कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म आइतवारदेखि विहिवारसम्म १० बजेदेखि ४ बजेसम्म र शुक्रवार १० बजेदेखि ३ बजेसम्म) कायम गरिएको छ। संस्थाको शेयर सदस्यहरुलाई सेवा प्रवाह गर्नको निमित्त केन्द्रीय कार्यालयको रुपमा बनेपा घोकेचौरमा सञ्चालन गरिएको छ। अन्य कार्यालयलाई सेवा केन्द्रको रुपमा सञ्चालन गरिएको छ। बनेपा गोदामचोक सेवा केन्द्र बनेपा गोदामचोक, पनौती सेवा केन्द्र पनौती, कौशलटार सेवा केन्द्र कौशलटार, कोटेश्वर सेवा केन्द्र कोटेश्वर, बेथाञ्चोक सम्पर्क कार्यालय दुंखर्क बेथाञ्चोक र पाँचखाल सम्पर्क कार्यालय पाँचखाल काभ्रे गरी ७ स्थानबाट सेवा प्रवाह भई रहेको छ भने सो सेवा प्रवाहको लागि तपसिल बमोजिमको कर्मचारी व्यवस्थापन गरिएको छ।

| क्र.सं. | कर्मचारीको पद विभाजन | कर्मचारी संख्या |
|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | १ |
| २ | ब. प्रबन्धक | १ |
| ३ | प्रबन्धक | १ |
| ४ | ब.अधिकृत | ५ |
| ५ | अधिकृत | १ |
| ६ | स.अधिकृत | ३ |
| ७ | ब. लेखापाल | २ |
| ८ | अन्य सहायक कर्मचारीहरु | १३ |
| ९ | बजार प्रतिनिधि | ५ |
| १० | कार्यालय सहयोगी | ४ |
| ११ | सुरक्षा गार्ड | २ |
| | जम्मा | ३८ |

३२. **संस्थाका सेवा कार्यालयहरुः**
यस संस्थाका शेयर सदस्यहरुलाई सँस्था संगको सम्पर्कलाई अझै सहज तथा सरल बनाउने उद्देश्यका साथ संस्थाले केन्द्रीय कार्यालय सहित ७ स्थानबाट सेवा लिन सकिनेगरी व्यवस्थापन गरिएको छ। काभ्रेपलाञ्चोक जिल्लामा १ केन्द्रीय कार्यालय र ४ वटा सेवाकेन्द्रहरु रहेकोमा भक्तपुर र काठमाडौँमा १-१ वटा रहेका छन्। केन्द्रीय कार्यालय पश्चात् गोदामचोक सेवा केन्द्र, बनेपा गोदामचोक, पनौती सेवा केन्द्र, पनौती ( सेन्चुरी बैंकको एक तलामाथि), कौशलटार सेवा केन्द्र, कौशलटार चोक ३ नं. वडा कार्यालयसँगै, कोटेश्वर सेवा केन्द्र कोटेश्वर, बेथाञ्चोक सम्पर्क कार्यालय,ढुंखर्क गेल्डुङ र पाँचखाल तामाघाटमा रहेको सम्पर्क कार्यालय हरुबाट कारोवार गरिएको छ।

३३. **सहकारी अवलोकन भ्रमण कार्यक्रमः**
यस संस्थाको समिति उपसमितिका पदाधिकारी तथा कर्मचारी व्यवस्थापनलाई समेटेर मिति २०७९ साल चैत्र १७ गतेदेखि ५ दिने पूर्वी नेपालको भ्रमण कार्यक्रम आयोजना गरिएको थियो। कूल२९ जना सहभागी रहेको भ्रमण कार्यक्रममा सहभागिका तर्फबाट रु १० हजार सङ्कलन गरी सो रकममा नपुग भएको खर्च संस्थाले गर्ने गरी कूल संस्थागत खर्च रु १६२०७६।- गरिएको थियो। पूर्वी नेपालको भ्रमणको क्रममा ताप्लेजुङको पाथीभरामाईसम्म पुगिएको थियो भने सहकारी अवलोनको क्रममा झापाको साहारा बचत तथा ऋण सहकारी संस्था लि. र मेची बहुउद्देश्यीय सहकारी संस्था लि. को अवलोकन गरिएको थियो।

**अब यस सम्मानित साधारण सभामा संस्थाले आगामी दिनमा गर्ने भावी रणनीति तथा कार्ययोजनाहरुको बारेमा उल्लेख गर्ने अनुमति चाहन्छु।**

१. **सदस्यता वृद्धिका लागि लिइने रणनीतिहरुः**
- सदस्य शिक्षा कार्यक्रम, विस्तारित मञ्च सम्बन्धी कार्यक्रमहरु, विद्यालयस्तरीय कार्यक्रमहरु, समुदायमा घरदैलो कार्यक्रम सञ्चालन, वार्षिक साधारण सभा लगायतका कार्यक्रमहरु सञ्चालन गरी नयाँ शेयर सदस्य बनाउनेग कार्यक्रम सञ्चालन गर्ने।
- सञ्चालक, लेखा सुपरीवेक्षण समिति, उपसमिति, कर्मचारीहरु सबैलाई शेयर सदस्यता वृद्धिको लागि जिम्मेवारी नै तोकेर परिचालन गर्ने।
- बजार परिचालन तथा बजारीकरणको कार्य उपयुक्तढङ्गबाटगराउने।
- सबैभन्दा धेरै शेयर सदस्य बनाउने व्यक्तिलाई वार्षिक साधारण सभाको कार्यक्रममा पुरस्कृत गरी सम्मान गर्ने।
- विभिन्न छपाई सामग्रीहरु जस्तै वार्षिक प्रतिवेदन, पर्चा, व्रोसर, क्यालेण्डर, लगायतका छपाई सामग्री तयार गरी प्रचार प्रसार गर्ने।
- संस्था एकीकरण प्रकृयामा प्रभावकारी ढङ्गबाट अगाडि बढ्ने।
- हालको लागि अत्यावश्येक रुपमा आवश्यक रहेको डिजिटल प्रविधिलाई भित्र्याई युवा लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याउँने।
- पुरानो एक सदस्यले १ वर्षमा नयाँ सदस्य थप गर्न "म पनि साथी पनि अभियान" थालनी गर्ने।
- एक आर्थिक वर्षमा २५ जनाभन्दा बढी सदस्यता वृद्धि गर्ने साधारण सदस्यलाई मायाको चिनोद्वारा पुरस्कृत गरी वार्षिक साधारण सभाको प्रतिवेदनमा नाम प्रकाशित गर्ने। १० जनाभन्दा बढी सदस्यता वृद्धि गर्ने सदस्यलाई मायाको चिनोद्वारा पुरस्कृत गर्ने।
- न्यूनतम रकमको सदस्यता रकम निम्नानुसार कायम गर्ने : शेयर रकम १०००, प्रवेश शुल्क २०, सेवा शुल्क ८०, नियमित बचत ३००, साधारण बचत ५०० गरी जम्मा १९०० मा सदस्यता प्रदान गर्ने। (यस किसिमका शेयर सदस्यहरु राहत कार्यक्रममा समावेश हुन कम्तिमा संस्थाको १०० कित्ता शेयर किनेको र राहत रकम रु. २,०००।–जम्मा गरेको हुनु पर्नेछ।)
- शेयर सदस्यलाई सघन प्रकृतिका रोगहरु जस्तै क्यान्सर, किड्नी समस्या, मुटु सम्बन्धी रोग, ब्रेन ट्युमर, फोक्सो, अल्जाइमर, लगायतका रोग लागी उपचार गराउनुपरेको खण्डमा सञ्चालक समितिको निर्णय बमोजिम राहत उपलब्ध गराइनेछ।
- संस्थाका शेयर सदस्यहरु प्राकृतिक विपत्तीमा परेको खण्डमा अवस्था हेरी सञ्चालक समितिको निर्णय बमोजिम राहत सुविधा उपलब्ध गराइनेछ।

२. **शेयर पुँजी वृद्धिका लागि लिइने रणनीतिहरुः**
- सदस्य शिक्षा कार्यक्रम, विस्तारित मञ्च सम्बन्धी कार्यक्रमहरु, विद्यालयस्तरीय कार्यक्रमहरु, समुदायमा घरदैलो कार्यक्रम सञ्चालन, वार्षिक साधारण सभा लगायतका कार्यक्रमहरु सञ्चालन गरी नयाँ शेयर सदस्य बनाउने गरी कार्यक्रम सञ्चालन गर्ने।
- सञ्चालक, लेखा सुपरीवेक्षण समिति, उपसमिति, कर्मचारीहरु सबैलाई शेयर सदस्यता वृद्धिको लागि जिम्मेवारी नै तोकेर परिचालन गर्ने।
- बजार परिचालन तथा बजारीकरणको कार्य उपयुक्तढङ्गबाटगराउने।
- नयाँ सदस्यहरुलाई सरल तथा सहज ढङ्गबाट सदस्यता प्रदान गर्दै शेयर सदस्यहरुलाई संस्थाले सक्नेसम्मको धेरैभन्दा धेरै सुविधाहरु उपलब्ध गराउने।
- संस्था एकीकरण प्रकृयामा प्रभावकारी ढङ्गबाट अगाडि बढ्ने।

- सदस्यता प्रदान गर्दा न्यूनतम रुपमा सबैले सक्ने ढङ्गबाट सदस्यता प्रदान गर्ने ।
- हालका लागि अत्यावश्येक रुपमा आवश्यक रहेको डिजिटल प्रविधिलाई भित्र्याई युवा लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याउने ।
- रु.५०,०००।– सम्म रु १ लाखको दुर्घटना मृत्यु बिमा गर्ने तथा ५० हजार भन्दा बढी शेयर हुने सदस्यको दुर्घटना मृत्यु बीमा रु. २ लाखको गर्ने ।
- शेयर सदस्यका एकाघरपरिवारका सदस्यलाई संस्थाको सदस्यता प्रदान गर्न आवश्यक पहल गर्ने ।

३. **बचत वृद्धिका लागि लिइने रणनीतिहरु :**

- नियमित बचत गर्नको लागि टेलिफोन तथा अन्य विभिन्न माध्यमबाट शेयर सदस्यहरुलाई जानकारी गराउदै बचतको लागि प्रोत्साहन तथा प्रबर्धन गर्ने ।
- बचत सम्बन्धी उत्पादनहरु समयानुकूल बनाई परिचालन गर्ने ।
- प्रतिस्पर्धात्मक व्याज दर निर्धारण गरी ३-३ महिनामा व्याज प्रदान गर्ने गरी तयारी गर्ने ।
- फजुल खर्च कम गरी बचत बढाउँनको लागि विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- संस्थाका बचतका उत्पादनहरुको कुनै पनि माध्यमबाट प्रचार प्रसार गर्ने ।
- सञ्चालक, लेखा सुपरीवेक्षण समिति, उपसमिति, कर्मचारीहरु सबैलाई शेयर सदस्यता वृद्धिको लागि जिम्मेवारी नै तोकेर परिचालन गर्ने ।
- डिजिटल प्रविधिको उच्चतम प्रयोग गर्नको लागि प्रोत्साहन गर्ने गरी काम गर्ने ।
- वार्षिक रुपमा संस्थाका उत्पादनहरुको विश्लेषण गरी उपयुक्त परिमार्जन गर्ने ।
- नियमित बचत नगर्ने सदस्यलाई संस्थाबाट प्राप्त हुने राहत सुविधा उपलब्ध गराउन बाध्य नहुने ।
- ७० वर्षभन्दा माथिका ज्येष्ठ सदस्यहरुलाई नियमित मासिक बचत ऐच्छिक गरिने छ ।

४. **सुरक्षित कर्जा लगानी गर्ने थप रणनीतिहरुः**

- संस्थाको स्प्रेड दर ६ प्रतिशतभन्दा कम कायम गरी संस्था सञ्चालन गर्ने ।
- बजार अनुसार प्रतिस्पर्धी रहनेगरी ऋणको व्याजदर निर्धारण गर्ने ।
- ऋण विश्लेषणको लागि ५ सि मूल्याङ्कन गरेर मात्र ऋण लगानी प्रकृया अगाडि बढाउँने र उत्पादन तथा आयआर्जनमुखी कर्जा लगानीमा जोड दिने ।
- छोटो समय तथा सानो सानो रकमको कर्जालाई प्राथमिकता दिने ।
- ऋण सदुपयोगिता जाँच गरी तोकिएको शीर्षकमा लगानी बढाउन प्रयत्न गर्ने ।
- उद्यमशीलताको विकासको लागि विभिन्न स्वरोजगार हुने तालिमहरु सञ्चालन गरी सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने गरी कार्य सञ्चालन गर्ने ।
- लघुवित्त कार्यक्रम सञ्चालन गर्न आवश्यक कार्य अगाडि बढाउने ।
- असल ऋणी सदस्यलाई कारोवारको आधारमा मनकामना ग्रिनकार्ड उपलब्ध गराउने तथा कारोवार नियमित गर्ने शेयर सदस्यलाई छुट सुविधा तथा सम्मान गर्ने ।
- परियोजनामा आधारित भएर ऋण लगानी गर्दा परियोजना विश्लेषण गरी आवश्यक कागजातहरु लिएर प्रकृया पुगेपश्चात् मात्र ऋण लगानी गर्ने र समय समयमा सदुपयोगिताको जाँच गर्ने ।
- वार्षिक रुपमा ऋणका उत्पादनको समीक्षा गरी परिमार्जन गर्ने तथा आपतकालिन ऋणको व्यवस्था शेयर सदस्यलाई सहुलियतपूर्ण रुपमा उपलब्ध गराउने ।

५. **भाखा नाघेको ऋण कम गर्ने रणनीतिहरु :–**

- ऋण लगानी पूर्व ऋण लिनुको उद्देश्य र सदुपयोगिता सम्बन्धी सूक्ष्म अध्ययन, संवाद तथा परामर्श गरी ऋणीलाई सचेत गराई कर्जा लगानी गर्नु अगाबै सदस्यको आर्थिक सामाजिक विश्लेषण गर्ने र क्षमता हेरी ऋण लगानी गर्ने ।
- विना धितो लगानी तथा व्यक्तिगत जमानीमा ऋण लगानी नगरी समूहगत लगानीमा जोड दिईनेछ भने किस्ताबन्दी ऋण लगानीलाई प्रोत्साहन गर्ने ।
- सदस्यलाई ऋणको भाखा आउनु अगावै फोन मार्फत् ऋण तिर्न स्मरण गराउने वा सिस्टम बाट :भककबनभ जाने व्यवस्था गर्ने ।
- ऋण नतिरी अटेर गर्ने सदस्यलाई घरदैलो ताकेता गर्ने, ऋण तिर्न अटेर गर्ने सदस्यको नजिकको बजार पसलमा वडा तथा प्रसाशनलाई जानकारी गराई सूचना टाँस गर्ने ।
- ऋणको ६ महिना व्याज नतिरेको सदस्यलाई समिति, उपसमितिमा उमेद्वार बन्न नपाउने नीतिगत व्यवस्था गर्ने ।
- परियोजना उद्देश्य अन्तर्गत ऋण सदुपयोग नगर्ने ऋणी सदस्यलाई थप १ प्रतिशत व्याजदर कायम गर्ने ।

- शङ्कास्पदऋणीको सूक्ष्म अध्ययन गरी असुलीको लागि कानुनी बाटो (धितो लिलामी प्रकृया)समेत ३ देखि ६महिना सम्म सुरु गरी १ वर्षभित्र असुली हुनेगरी प्रकृया अगाडि बढाईनेछ।

**६. अन्य कार्यक्रमहरु:–**

- शेयर सदस्यलाई विभिन्न चेतनामूलक कार्यक्रमहरु भेगीय रुपमा सञ्चालन गर्ने तथा संस्थाको बारेमा सुसूचित गराउने किसिमका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।
- ज्येष्ठ सदस्य सम्मान तथा तीर्थाटन कार्यक्रमलाई निरन्तरता दिने।
- देशभित्र तथा बाहिरका उत्कृष्ठ सहकारी संस्थाहरुको अध्ययन गर्न अवलोकन भ्रमण कार्यक्रमको आयोजना गर्ने।
- नेपाल सरकारको सहकारी एकीकरण नीति अनुरुप उपयुक्त सहकारी संस्थाहरुसँग एकीकरण प्रकृया अगाडि बढाउने।
- आगामी दिनमा रेमिटेन्स सेवालाई गुणस्तरीय रुपमा सञ्चालन गर्ने तथा ए.टि.एम. सञ्चालनको लागि प्रकृया अगाडि बढाउने।
- अन्य उपयुक्त कार्यक्रमहरु सञ्चालन गर्ने।

